<u>प्रदेश मन्त्रिपरिषद् बैठक नं. ५५/२०७६ का निर्णयहरुः-</u>

१. माननीय मुख्यमन्त्रीज्यूबाट म.प.बैठकमा पेश भएको “तल्लो चमेलिया जलविद्युत आयोजना सञ्चालन सहमति सम्बन्धी” प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने :-
   “यस प्रदेशमा रहेको चमेलिया नदीबाट तल्लो चमेलिया जलविद्युत आयोजनाको निर्माण, सञ्चालन र व्यवस्थापनको सम्पूर्ण कार्य, आवश्यक कार्यविधि तर्जुमा गरी प्रदेश सरकारबाट नै हुन सक्ने भएकोले सो सम्बन्धमा नेपाल सरकारको सहमति प्राप्तिका लागि अनुरोध गर्ने ।”

२. “कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा बनेको विधेयक,२०७५” प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ५/१९/१६८-२०७६/४/१२ को प्रस्तावमा देहाय बमोजिम गर्नेः-
   “प्रस्तावमा लेखिएवमोजिम गर्ने ।”

३. दरबन्दी तेरीज स्वीकृती सम्बन्धी विषयको सामाजिक विकास मन्त्रालयको नं. ७/२७/१६९-२०७६/४/१२ को प्रस्तावमा देहाय बमोजिम गर्नेः-
   “प्रस्तावमा लेखिएवमोजिम गर्ने ।”

४. "केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक" को सिद्धान्त र मस्यौदा स्वीकृति सम्बन्धी विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालय को नं. २/२७/१७० -२०७६/४/१३ को प्रस्तावमा देहाय बमोजिम गर्नेः-
   “प्रस्तावमा लेखिएवमोजिम गर्ने ।”

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश